# भोजपुर जिल्ला अदालत

फोन नं ०२९४२०१९५, ४२०७११
Email: info.dcbhojpur@supremecourt.gov.np
Website : supremecourt.gov.np

भोजपुर


पत्र संख्याः २०७७/०७८
चलानी नंः .

मिति २०७७/०४/२८

विषयः- सूचना! सूचना !! सूचना !!!

(प्रथम पटक प्रकाशित)

यस अदालतमा सेवा लिंन आउने विभिन्न मातृभाषा बोल्ने र राम्रोसंग नेपाली भाषा बोल्न र बुझ्न नसक्ने सेवाग्राहीहरुका लागि दोभाषेमार्फत उनीहरुले बोल्ने मातृभाषालाई सरकारी कामकाजको रुपमा प्रयोग गरिने नेपाली भाषामा उल्था गरी सेवा गर्ने र सवै भाषा भाषिका न्यायका उपभोक्ताहरुलाई न्यायको समान पहुँचमा ल्याउन योग्य दोभाषे छनौट गरि दोभाषेको सूची तयार गर्नु पर्ने भएकोले अदालतको काम कारवाहीमा दोभाषेको सेवा प्रयोग सम्वन्धि निर्देशिका, २०७२ बमोजिम इच्छुक उम्मेदवारहरुबाट दरखास्त आवह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ। देहायबमोजिमको मातृ भाषा बोल्न, लेख्न जान्ने र सो मातृ भाषालाई सरकारी कामकाजको नेपाली भाषामा उल्था गर्न, लेख्न र बोल्न जान्ने देहायबमोजिमको योग्यता पुगेका इच्छुक ब्यक्तिहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस अदालतको प्रशासन शाखामा निवेदन दिनु हुन यसै सूचना द्वारा जानकारी गराइएको छ। साथै कानून व्यवसायीहरुलाई प्राथमिकता दिइनेछ।

## आवश्यक योग्यता

१. सरकारी कामकाजमा प्रयोग हुने नेपाली भाषा उल्था गर्न तोकिएका भाषाहरुः-
   (क) राई भाषा (ख) नेवारी भाषा (ग) मगर भाषा (घ) शेर्पा भाषा (ङ) अंग्रेजी भाषा
   (च) लिम्वु भाषा (छ) तामाङ भाषा (ज) गुरुङ भाषा (झ) अन्य स्थानीय भाषाहरु
२. उल्था गर्ने भाषा राम्रोसंग बुझ्न, बोल्न र लेख्न जानेको हुनुपर्ने।
३. नेपाली भाषा राम्रोसंग बुझ्न, बोल्न र लेख्न जानेको हुनुपर्ने।
४. पारिश्रमिक :- तोकिएबमोजिम।
५. दरखास्त दिने अवधि :- सूचना प्रकाशन भएको मितिदेखि १५ दिन भित्र।
६. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
७. दरखास्त दस्तुर :- रु.१०।
७. अन्य जानकारीको लागि यस अदालतको प्रशासन शाखामा सम्पर्क राख्नु हुन।
   सम्पर्क नम्वर :- ०२९-४२०१९५ मोवाइल नं. :- ९८५२०७७६२२, ९८५२०७७१९५

(नवराज कार्की)
स्रेस्तेदार उपसचिव